विशेष अदालत
काठमाण्डौ
२०५९

# विशेष अदालतबाट जारी सूचना

कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट ओमिक्रोन तीव्रगतिमा फैलिई रहेका कारण सरोकारवाला सवैको स्वस्थ्य, सुरक्षा र रोग संक्रमणको जोखिम कम गर्ने उद्देश्यले नेपाल सरकारको मिति २०७८।९।३० मा जारी मापदण्ड एवं सर्वोच्च अदालतको मिति २०७८।१०।४ को पूर्ण वैठकको निर्णयानुसार जारी सूचनाको बुँदा नं. ४ को मार्गनिर्देशन समेतका आधारमा र यस अदालतमा कार्यरत केही कर्मचारी एवं नियमित बहस पैरवीमा उपस्थित हुने केही सरकारी वकिल र कानून व्यवसायीसमेत संक्रमित हुनुभएका र अन्यसमेत संक्रमितको सम्पर्कमा रहन पुगेको परिस्थितिमा नियमित कार्यसंचालन गर्दा थप सरोकारवालामा समेत प्रत्यक्ष जोखिम हुन सक्ने परिस्थितिको मूल्याङ्कन गरी आवश्यक सावधानी अपनाउनु पर्ने भएकोले, यस अदालतको मिति २०७८।१०।५ को पूर्ण वैठकको निर्णय अनुसार मिति २०७८।१०।६ देखि मिति २०७८।१०।१८ सम्म यस अदालतवाट प्रवाह हुने अत्यावश्यक बाहेकका सेवामा देहायबमोजिम संकुचन र स्थगन गर्ने निर्णय भएकोले सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

**१. स्थगन गरिएका सेवाहरुः-**

क. थुनुवा भएका मुद्दा वाहेकका अन्य मुद्दाको साप्ताहिक तथा दैनिक पेशी र सो को सुनुवाई ।

ख. पेशी एवं साधारण तारिख ।

ग. साक्षीको बकपत्र ।

घ. हाजिर हुन आउने एवं वारेस अनुमति लगायतका निवेदन पेशी ।

ङ. धरौटी फिर्ता र रोक्का फुकुवा सम्वन्धी सेवाहरु।

च. फैसला/आदेश/ कागजातहरुको प्रमाणित प्रतिलिपी सम्बन्धी सेवाहरु समेत ।

**२. सुचारु गरिने सेवाहरुः**

क. थुनुवा भएका मुद्दाहरुको सुनुवाई **(भर्चुअल माध्यमवाट)**

ख. आरोपपत्र/अभियोगपत्र दर्ता।

ग. आरोप-पत्र/ अभियोग-पत्रसाथ उपस्थित गराइएका अभियुक्तको थुनछेक र म्याद थप **(भर्चुअल माध्यमबाट)**

३. काम कारवाही सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद तथा तारेख नगुज्रने।

४. सम्मानित सर्वोच्च अदालत एवं नेपाल सरकार र सम्वद्ध निकायहरुवाट विद्यमान परिस्थितिको मुल्याङ्कन गरी थप निर्णय/आदेश/ सूचना भएमा सो अनुरुप कायम हुने अवधिसम्म बुँदा नं.१ र २ बमोजिमको व्यवस्थापनलाई स्वतः निरन्तरता दिने ।

नारद प्रसाद भट्टराई

मिति : २०७८।१०।०५

(उप-रजिष्ट्रार/ सूचना अधिकरी)